# विश्वशान्ति चिरन मिलन क्याम्पस
# बाँसबारी, काठमाडौं
# आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम एवं बजेट

नेत्रप्रसाद न्यौपाने

क्याम्पस प्रमुख

आदरणीय क्याम्पससभाका सभाध्यक्षज्यू

आजीवन तथा आवधिक सदस्यज्यूहरू

सञ्चालक समितिका सदस्यज्यूहरू

क्याम्पस संरक्षण समितिका सदस्यज्यूहरू

सल्लाहकार समितिका सदस्यज्यूहरू

तथा अन्य उपस्थित महानुभावहरूमा म क्याम्पस प्रमुख नेत्रप्रसाद न्यौपानेको तर्फबाट हार्दिक अभिभावन व्यक्त गर्दछु ।

सभाध्यक्ष महोदय,

नेपालका विविध भूभाग तथा भारतका विभिन्न प्रान्तबाट उच्चशिक्षा आर्जन गर्न आएका विद्यार्थीलाई न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको विश्वशान्ति चिरन मिलन क्याम्पस काठमाडौं महानगरपालिका वडा नं. ३ मा रहेको एकमात्र सामुदायिक शैक्षिक संस्था हो । मुलुकको उच्चशिक्षाको सम्बर्द्धनको जिम्मेवारी सगौरब बहन गर्दै आइरहेको यथार्थ हामी सबै सामु छर्लङ्गै छ ।

हरेक शैक्षिक संस्थाको आर्थिक स्थिति उक्त संस्थाले अवलम्बन गरेको उच्चशिक्षा नीति तथा सो नीतिअनुसारको परिष्कृत पाठ्यक्रममार्फत शिक्षाको गुणस्तर विकास तथा अनुसन्धानले निर्धारण गर्दछ । यसका निम्ति यस क्याम्पसले श्रमबजार केन्द्रित पाठ्यक्रम तयार पारेर कार्यान्वयन गर्ने तयारीमा रहेको छ । यस क्याम्पसले सामाजिक क्षेत्रमा दर्शन तथा सिद्धान्त स्थापित गर्ने, प्रविधिको विकास तथा कार्यान्वयनमा नेतृत्वदायी भूमिका निभाउँदै आएको व्यहोरा स्मरण गराउन चाहन्छु ।

क्याम्पस सभाका सदस्य महानुभावहरूलाई विदितै छ, यस क्याम्पसले समग्र सामाजिक तथा आर्थिक उन्नयनका लागि योग्य, दक्ष, सृजनशील र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी मानव संसाधन तयार गर्ने अहम् जिम्मेवारी वहन गरिरहेको छ । हरेक वर्ष पारदर्शी रूपमा लेखापरीक्षण प्रतिवेदन र शैक्षिक परीक्षण प्रतिवेदनलाई सार्वजनिक गर्दै आएका छौं ।

सम्मानित सभासदस्यज्यूहरू

विगत २०७६ सालदेखि यस क्याम्पसले गुणस्तर आश्वासन तथा मूल्याङ्कन (क्यूएए) को महत्त्वपूर्ण प्रक्रियामा अग्रसरता देखाउँदै आएको छ । विश्वविद्यालय अनुदान आयोग (युजीसी) द्वारा निर्धारित गरिएको क्यूएए प्रक्रियाका आठ चरणहरूमध्ये हामी वर्तमानमा पाँचौं चरणमा सक्रिय रहेको हुनाले यसको गम्भीरता र आवश्यकतालाई विशेष रूपमा बुझ्नु अपरिहार्य छ । युजीसीबाट पियर रिभ्यु टिम (पिआरटी) को गठन भइसकेको अवस्थामा, उक्त मूल्याङ्कन टिम क्याम्पसको अवलोकनमा आउनु अघि क्याम्पसले पूरा गर्नुपर्ने तयारीहरूमा हामी सबै एकजुट भई जुटेका छौं । क्यूएए प्रक्रिया कुनै सहज वा कम खर्चिलो अभियान होइन, यो त एक व्यापक, बहुआयामिक र दीर्घकालीन प्रयास हो जसले हाम्रो सम्पूर्ण शैक्षिक, प्रशासनिक र आर्थिक ढाँचाको गहिराइमा परीक्षण गर्दछ । आन्तरिक सुव्यवस्थापन, सुशासन, आर्थिक पारदर्शिता, शैक्षिक गुणस्तर र आधारभूत भौतिक सम्पन्नताका मापदण्डहरूमा हामी कत्तिको दर्बिलो छौं, सोहीअनुसार हाम्रो परीक्षणपछि क्यूएए प्राप्त हुन्छ । यसको मुख्य उद्देश्य र आधार नै यही हो ।

यस महत्त्वपूर्ण अवसरमा हामी क्याम्पस सभाका सदस्यहरूबाट अत्यन्त आवश्यक, ठोस र निर्णायक सहयोगको अपेक्षा गर्दछौं । क्यूएए प्राप्त गर्नका लागि हामीले सामना गरिरहेका विविध चुनौतीहरू, जस्तै : पाठ्यक्रम अद्यावधीकरण, शिक्षण विधिमा नवीनता, प्रयोगशाला तथा पुस्तकालयको उन्नयन, अनुसन्धान कार्यलाई प्रोत्साहन, शैक्षिक वातावरणीय सुधार, आर्थिक स्रोतको उचित व्यवस्थापन, तथ्याङ्कन (डेटा) सङ्ग्रहणको पारदर्शिता आदि मध्ये धेरै कुराहरू सञ्चालक समितिको सहयोगबिना पूरा गर्न सम्भव छैन । हामीलाई विश्वास छ कि यहाँहरूको सहयोग, सल्लाह र सुझावले यी समस्याहरूको समाधानमा ठुलो योगदान मिल्ने छ । यहाँहरूको अनुभव, ज्ञान र नेतृत्वले हामीले अझै पार गर्न बाँकी रहेका चरणहरूमा गति ल्याउने छ र क्यूएएको अन्तिम लक्ष्य प्राप्त गर्न मद्दत पुग्नेमा हामी पूर्ण विश्वस्त छौं ।

हामी सबैको सामूहिक प्रयास, इमान्दारी र सङ्कल्पले मात्र यस क्याम्पसलाई क्यूएएको मान्यता दिलाउन सक्छौं । यो प्रक्रिया केवल औपचारिकता होइन, यो हाम्रो शैक्षिक संस्थानको विश्वसनीयता, गुणस्तर र विकासको

आधारस्तम्भ हो । हामी आशावादी छौँ कि यहाँहरूबाट प्राप्त हुने मार्गदर्शन र सहयोगले यस प्रक्रियालाई छिटो र सहज बनाउने छ र हामी यथाशीघ्र क्यूएएको प्रमाणपत्र प्राप्त गर्न सफल हुने छौँ । हामी सबैको साझा जिम्मेवारी र अग्रसरतामा नै हाम्रो शैक्षिक उत्कृष्टता र राष्ट्रिय शिक्षा लक्ष्यको प्राप्ति निर्भर गर्दछ ।

क्याम्पसको स्थापना कालदेखि (वि.सं. २०४८) हालसम्म क्याम्पसको नेतृत्व तहमा रहेर सेवा गर्नु हुने क्याम्पस सञ्चालक समितिका अध्यक्ष एवम् सदस्यज्यूहरू, पूर्व अध्यक्ष तथा सञ्चालक समितिका सदस्यज्यूहरू, क्याम्पस संरक्षण समिति, सल्लाहकार समिति, पूर्व तथा वर्तमान शिक्षक/कर्मचारी, विद्यार्थी, अभिभावक, पूर्व विद्यार्थी समाज तथा क्याम्पसको निर्माण विकास र स्थायित्वका लागि समर्पित सबै महानुभाव, समाजसेवी, बुद्धिजीवी शिक्षाप्रेमी एवम् जनप्रतिनिधि र स्थानीय जनसमुदायप्रति उच्च सम्मान प्रकट गर्दै आ.व. २०८२/८३ को अनुमानित बजेटको उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्यहरू :**

प्रस्तुत बजेटको परिकल्पनाले एक व्यापक र रूपान्तरणकारी शैक्षिक ढाँचा निर्माण गर्ने उद्देश्य राखेको छ, जसले गुणस्तरीय शिक्षा प्रदान गर्ने केन्द्रीय लक्ष्यलाई केन्द्रमा राखेको छ । यसले अभिभावक, विद्यार्थी र बजारको मागलाई पूरा गर्न नयाँ शैक्षिक कार्यक्रम थप्ने, साथै भौतिक पूर्वाधार र मानव संसाधन विकासमा जोड दिने छ । सीमित स्रोतलाई अधिकतम रूपमा प्रयोग गर्दै शिक्षकको तलबमान पुनरावलोकन, सेवा प्रवाह सुधार र क्याम्पसको दक्षतामा ध्यान केन्द्रित गरिने छ । यसका साथै उच्चशिक्षालाई अधिक प्रभावशाली बनाउन नवप्रवर्तन, अनुसन्धान, डिजिटलाइजेसन र छात्रवृत्तिको विस्तारलाई प्रवर्द्धन गरिने छ । अन्ततः गुणस्तर आश्वासन (क्यूएए) प्राप्तिका लागि आवश्यक पूर्वाधार विकास र खर्च व्यवस्थापनमा पनि यो बजेटले समन्वित रूपमा काम गर्ने छ ।

यसलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

(क) अभिभावक, विद्यार्थी र बजारको माग बमोजिमको शैक्षिक कार्यक्रम थप गरी सञ्चालन गर्नु ।

(ख) थप शैक्षिक कार्यक्रम तथा विषय थपको आवश्यकतालाई ध्यानमा राखी भौतिक पूर्वाधारको विकास एवम् विस्तारमा जोड दिनु ।

(ग) मानव संशाधन विकास गर्नु ।

(घ) सीमित, स्रोत र साधनलाई अधिकतम प्रयोग गरी पूर्णकालीन रूपमा कार्यरत शिक्षक/कर्मचारीहरूको तलबमानको पुनरावलोकन, वृत्तिविकास तथा क्याम्पसको सेवा प्रवाहमा सुधार गर्नु ।

(ङ) उच्चशिक्षामा नवप्रवर्तन, अनुसन्धान, उद्यमशीलता, डिजिटलाइजेसन तथा छात्रवृत्तिको दायरालाई फराकिलो बनाउनु ।

(च) क्यूएए प्राप्तिका लागि आवश्यक पूर्वाधार विकास तथा अन्य भैपरी आउने खर्च व्यवस्थापन गर्नु ।

**बजेटका आधार र लक्ष्य**

सभाध्यक्ष महोदय तथा विद्वत् सभासदज्यूहरू,

बजेटले यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको इच्छा, चाहनालाई समेत प्रतिविम्बित हुने विश्वास लिएको छु । बजेटमा छात्रवृत्ति, खेलकुद, पुस्तकालय तथा ल्याब, आइ.सि.टी मैत्री अध्ययन अध्यापन तथा अनुसन्धानको दायरालाई फराकिलो बनाइएको छ भने उद्यमशीलता प्रवर्द्धनमा विशेष जोड दिइएको छ । बजेट तर्जुमा गर्दा यस क्याम्पसको नियमावली, गत सालको समीक्षा, QAA का लागि दीर्घकालीन कार्ययोजना, डिजिटलाइजेसन, विभागीय प्रमुखहरू, अनुसन्धान व्यवस्थापन एकाई, क्यूएएसँग सम्बन्धित विभिन्न समिति, सञ्चालक समितिका निर्णयहरू, विभिन्न समारोहमा प्रस्तुत प्रतिवद्धताहरू, शिक्षक/कर्मचारीबाट प्राप्त सुझावहरू एवम् यस क्याम्पसले प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई प्रमुख आधार बनाइएको छ । विश्वविद्यालय अनुदान आयोगको निर्देशन, विद्वत्वर्ग लगायत विद्यार्थी, अभिभावकबाट प्राप्त सल्लाहसुभाव समेतलाई प्राथमिकतामा राखिएको छ ।

अब आ. व. २०८२/०८३ को बजेटका आधार र लक्ष्य निम्नानुसार रहेका छन् :

१. प्रस्तुत बजेट तर्जुमा गर्दा विद्यमान ऐन, नियम, विनियम तथा प्रचलित कानुन, नेपाल सरकारले उच्चशिक्षामा लिएको नीति तथा कार्यक्रम, विश्वविद्यालय अनुदान आयोगको सुझाव र त्रि.वि. को बजेट साथै यस क्याम्पसको आर्थिक प्रशासन निर्देशिकालाई मार्गदर्शनका रूपमा लिएको छु ।

२. यो बजेट तर्जुमा गर्दा आर्थिक मितव्ययिता कायम गरी आन्तरिक तथा बाह्य स्रोत पहिचान तथा परिचालन गर्दै शैक्षिक, आर्थिक तथा प्राविधिक उत्कृष्टता हासिल गर्ने लक्ष्य लिएको छु ।

३. विद्यमान मानव संसाधनलाई नवीनतम सूचना प्रविधिको प्रयोग गर्न प्रोत्साहित गर्दै शैक्षिक तथा वित्तीय प्रशासनलाई प्रभावकारी, पारदर्शी, नतिजामुखी र चुस्त बनाउने लक्ष्य लिएको छु ।

४. विभिन्न विश्वविद्यालयहरूसँग शैक्षिक तथा अनुसन्धानात्मक सहकार्य गर्दै उच्चशिक्षामा आम समुदायको पहुँच, गुणस्तरीय शिक्षा, अनुसन्धान र स्तरीय प्रकाशन, दक्ष जनशक्ति विकासका लागि समयानुकूल नन्क्रेडिट पाठ्यक्रम, क्षमता अभिवृद्धि तालिम तथा शैक्षिक पात्रोलाई प्रभावकारी रूपमा कार्यान्वयन, प्राविधिक शिक्षाको विस्तार र सहकार्यात्मक अनुसन्धान गर्ने/गराउने कार्यक्रमहरूलाई विशेष प्राथमिकतासाथ लक्षित गरेको छु ।

५. क्याम्पसको विधान/निर्देशिकानुसार विभिन्न नाममा स्थापना भएका छात्रवृत्ति अक्षयकोष, कल्याणकोष, क्याम्पस विकास कोष र निर्दिष्ट लक्ष्य हासिल गर्न खोलिएको मुद्धति खातालाई उच्च ब्याजदर आउने बैंकहरूको खोजी गरी सञ्चालक समितिको निर्णयानुसार व्यवस्थापनमा विशेष महत्त्व दिएको छु ।

काठमाडौँ महानगरपालिका वडा नं. ३ भित्र स्थायी रूपले बसोबास गर्ने स्थानीय जनसमुदाय तथा देशमा विभिन्न दूरदराजबाट काठमाडौँमा आई बसोबास गर्ने गरिब, निमुखा, असहाय, द्वन्द्वपीडित, सहिद परिवार एवं सीमान्तकृत वर्गको उच्चशिक्षामा सहज पँहुचका लागि छात्रवृत्तिको दायरालाई फराकिलो बनाउदै लगिएको छ ।

६. सामुदायिक क्याम्पसको परिकल्पना-अनुसार यस क्याम्पसको स्थायित्व र विकासका लागि समुदायको अपनत्वलाई उच्च प्राथमिकता दिँदै आइएको छ ।

७. आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा देखिएका विभिन्न चुनौतिका बाबजुद क्याम्पसमा कार्यरत पूर्णकालीन शिक्षक, कर्मचारीहरूको आधार तलबमान वृद्धि गरिएको छ । शिक्षकहरूको वृत्ति विकासका लागि विभिन्न अवसरहरू र उहाँहरूमा उत्प्रेरणा अभिवृद्धिका लागि विभिन्न सूचाङ्कहरू तयार गरी लागु गरिने प्रतिबद्धता गरिएको छ । अनुसन्धानमूलक लेखरचना र लघु अनुसन्धान तथा बाह्य अनुसन्धानलाई पदोन्नति तथा ग्रेडवृद्धिको प्रमुख आधार बनाइएको छ ।

## बजेटका चुनौती र अवसर

अध्यक्ष महोदय

यस क्याम्पसले समयसापेक्ष योजनाबद्ध रूपमा नीति र कार्यक्रम तर्जुमा गरी अघि बढिरहेको छ । तथापि ती नीति तथा कार्यक्रम सञ्चालन गर्ने क्रममा निम्नानुसार चुनौतीहरूको सामना गर्नुपर्ने आँकलन गरिएको छ :

१. क्याम्पसले सामना गर्नु पर्ने प्रमुख चुनौतीहरूमध्ये आर्थिक स्रोत साधनको सीमितता पनि एक हो । क्याम्पसको आम्दानीको प्रमुख स्रोत भनेको विद्यार्थीबाट प्राप्त हुने न्यूनतम शुल्क मात्र हो । त्यसबाहेक वार्षिक रूपमा विश्वविद्यालय अनुदानबाट प्राप्त हुने नियमित अनुदानलाई क्याम्पसले नियमित आर्थिक स्रोतका रूपमा लिएको

छ । भौतिक संरचना वा गुणस्तर सुधारका निम्ति यदाकदा स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारबाट प्राप्त अनुदान तथा कुनै दाताहरूबाट प्राप्त दानदातव्यलाई सामान्य स्रोत मानिएको छ । यी स्रोतहरूबाट उपलब्ध आम्दानी प्रशासनिक, संरचनागत विकास तथा शैक्षिक गुणस्तर कायम गर्न पर्याप्त छैनन् । यो चुनौती सामना गर्नका निम्ति विश्वविद्यालय अनुदान आयोगबाट उपलब्ध हुने नियमित अनुदानमा वृद्धि गर्न सञ्चालक तथा यस सभाले उल्लेख्य भूमिका खेल्नुपर्ने आवश्यकता रहेको निवेदन यस सभामा प्रस्तुत गर्न चाहन्छु । साथै क्याम्पसको आर्थिक स्रोतलाई बलियो बनाउन एउटा दर्बिलो अक्षयकोष खडा गर्नुपर्ने भएकाले यस कार्यका निम्ति यो क्याम्पससभाले आजकै दिनबाट भीष्म प्रतिज्ञा गर्ने छ भन्ने कुरामा म पूर्ण विश्वस्त छु ।

२. अवकाशपछि शिक्षक कर्मचारीलाई उपलब्ध गराउनु पर्ने उपदान र निवृत्तिभरणको व्यवस्थापन गर्न नसक्नु अत्यन्तै ठुलो चुनौती बनिरहेको छ । समयानुकूल पारिश्रमिक उपलब्ध गराउन नसक्दा शिक्षकहरू अवसरको खोजीमा रहेको अनुभूति भएको छ ।

३. अनुसन्धान तथा शैक्षिक गुणस्तर बृद्धिमा पर्याप्त आर्थिक स्रोत खर्च गर्न सक्ने स्थिति छैन । यस कारण शिक्षक कर्मचारीहरूमा अनुसन्धान गर्ने परिपाटीको विकास गराउन सकिएको छैन ।

४. शिक्षक तथा कर्मचारीको दक्षता अभिवृद्धि गर्न निरन्तर तालिम तथा गोष्ठी आयोजना गर्नुपर्नेमा आर्थिक स्रोतको कमीका कारण अपेक्षाकृत कार्य गर्न नसकिएको अवस्था निवेदन गर्न चाहन्छु ।

५. नयाँ पुस्ताका विद्यार्थीहरूको आकर्षणअनुरूप हुने गरी क्याम्पसका भौतिक संरचना तयार गर्नुपर्ने, प्रयोगशाला स्तरोन्नति गर्नुपर्ने तथा पुस्तकालयलाई डिजिटलाइज गर्नुपर्ने भए तापनि यस क्याम्पसको वर्तमान आर्थिक स्रोत अपर्याप्त रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

**सुधारका लागि गरिएका प्रयास र आगामी दिनमा गरिने कार्यहरू**

अध्यक्ष महोदय एवम् विद्वत् सभासदज्यूहरू

विविध परिस्थितिका बावजुद पनि यस क्याम्पसबाट विभिन्न सुधारका प्रयासहरू हुँदै आएको व्यहोरा निवेदन गर्दछु । सुधारका लागि गरिएका प्रयास र आगामी दिनमा गरिने कार्यहरू संक्षिप्त रूपमा प्रस्तुत गरेको छु ।

१. बजारको मागअनुरूपका थप नन्क्रेडिट कोर्सका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । उपलब्ध सीमित स्रोत र साधनलाई अधिकतम सदुपयोग गरी आफ्ना दायित्वहरू पूरा गर्न क्याम्पस सक्षम हुँदै आएको छ ।

२. गुणस्तरीय शिक्षण सिकाई, आन्तरिक परीक्षा सञ्चालन शैक्षिक पात्रोलाई कार्यान्वयनमा ल्याइएको छ ।

मौजुदा मानव संसाधनबाट शैक्षिक तथा प्रशासनिक कार्यहरू तोकिएको समयमा सम्पादन गर्न उच्चतम प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिएको छ। कार्यालयमा स्वचालित विद्युतीय हाजिरीलाई कार्यान्वयनमा ल्याइएको छ। शैक्षिक तथा कर्मचारी प्रशासनलाई चुस्त दुरुस्त बनाउन शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (HEMIS) लागु गरिएको छ। आ.व. २०८२/०८३ देखि यस प्रणालीमा अझ सुधार गर्नुपर्ने आवश्यकता रहेको छ।

३. परीक्षा प्रणालीलाई थप प्रभावकारी बनाउन र उत्तीर्ण प्रतिशत वृद्धि गर्न क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने योजना रहेको छ।

४. यस क्याम्पसले प्रकाशन गरेको शान्ति जर्नललाई अझ प्रभावकारी बनाउन र प्राज्ञिक उत्कृष्टतामा आउन सक्ने समस्यालाई निरूपण गर्नका लागि बौद्धिक चोरी परीक्षण (Plagiarism check) सफ्टवेयर खरिद गर्ने योजना रहेको छ।

५. बजेटको समुचित प्रयोगको प्रत्याभूतिका लागि एक आर्थिक अनुगमन समिति गठन गरी कार्यसम्पादन मूल्याङ्कन गरिने छ।

६. आ.व. २०८१/८२ मा अवलम्बन गरिएको आर्थिक मितव्ययिता कायम गर्ने नीतिअनुरूप विभिन्न शीर्षकमा देखिएका अस्पष्टता तथा विविध समस्याहरू समाधान गर्न एकआपसमा बाझिने नियम तथा कार्यविधिमा एकरूपता ल्याई क्याम्पसमा आर्थिक मितव्ययिता कायम गर्नका निम्ति निर्देशिकाअनुसार कार्य गरिने छ।

७. दृष्टिविहीन, अपाङ्गता, सहिद परिवार एवम् जनआन्दोलनका घाइते विद्यार्थीहरूलाई छात्रवृत्तिको विशेष व्यवस्था गरिने छ। महिला, आदिवासी, जनजाति, दलित, सामाजिक, शैक्षिक र आर्थिक रूपमा पिछडिएका वर्गहरूको उच्चशिक्षामा सहभागिता वृद्धि गर्न गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने कार्यलाई यस वर्ष विशेष छात्रवृत्ति योजना २०८२/०८३ लागु गरी १० प्रतिशतदेखि १०० प्रतिशतसम्म गरी जम्मा १५० जनालाई छात्रवृत्तिको व्यवस्था गरिएको छ।

## खर्च कटौती तथा आर्थिक स्रोत पहिचान र परिचालन

आदरणीय अध्यक्ष महोदय, खर्च कटौती तथा आर्थिक स्रोत पहिचान र परिचालन सम्बन्धमा निम्न व्यवस्था मिलाएको छु।

१. क्याम्पसको आर्थिक लक्ष्यलाई ध्यानमा राखेर आ. व. २०८२/०८३ मा अनावश्यक खर्च कटौती गर्ने व्यवस्था मिलाएको छु।

२. यसका अतिरिक्त थप आर्थिक मितव्ययिता कायम गर्नका निम्ति निर्माण गरिएको आर्थिक प्रशासन निर्देशिका लागु गरी आर्थिक सुशासन पारदर्शीतालाई केन्द्रमा राखेर कार्यसम्पादन गर्न सबैलाई प्रोत्साहन गरिने छ।

३. आर्थिक स्रोत पहिचान गर्नका लागि आन्तरिक तथा बाह्य स्रोत पहिचानमा उच्च प्राथमिकता दिइने छ।

४. शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै जाने नीतिअनुरूप समयसापेक्ष रूपमा कार्यविधि परिवर्तन तथा परिमार्जन गरिने र सोहीअनुसार क्यूएए प्रक्रियालाई आवश्यक पर्ने नीतिलाई निरन्तरता दिइएको छ ।

५. क्याम्पसलाई क्रमशः प्रविधिमैत्री बनाउँदै लगिएको सन्दर्भमा भौतिक रूपमा उपस्थित नभई नहुने अवस्थामा बाहेक विभिन्न समयमा हुने बैठक तथा अन्तरक्रियात्मक कार्यक्रम Virtual रूपमा सञ्चालन गर्न आवश्यक अनलाइन प्रविधि सञ्चालकहरूसँग सम्झौता गरी त्यसलाई कार्यान्वयन गर्ने योजनाका लागि निश्चित बजेट छुट्याएको छु।

६. हरित ऊर्जा (Green Energy) प्रयोगलाई प्रोत्साहन गर्दै जाने नीतिलाई निरन्तरता दिइएको छ ।

**बजेटको प्राथमिकता**

सम्माननीय सभध्यक्षज्यू

आर्थिक वर्ष २०८२/०८३ मा क्याम्पसको बजेटले अङ्गिकार गरेका प्राथमिकताहरू उल्लेख गर्न चाहन्छु।

१. बजेटको प्राथमिकीकरण निर्धारण गर्ने क्रममा क्याम्पसले अघि सारेका नीति तथा कार्यक्रम एवं अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन रणनीति एवं वार्षिक योजनामा रहेका विषय र चुनौतिहरूलाई आधार बनाएको छु ।

२. क्याम्पसको मूल उद्देश्य क्यूएए प्राप्त गर्नु रहेकाले क्यूएएका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। जसमा भौतिक पूर्वाधारदेखि अत्यावश्यक सामग्री खरिदका लागि बजेट विनियोजन गरेको छु।

३. समय सापेक्ष बजारमुखी, व्यावसायिक, सिपमूलक नन्क्रेडिट कोर्स निर्माण र अध्यापनका लागि बजेट विनियोजन गरिएको छ।

४. प्रविधिमैत्री जनशक्तिको विकासका लागि बजेट विनियोजन गरेको छु ।

५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार, कार्यशालामा सहभागी हुन विद्यार्थी तथा प्राध्यापकका लागि बजेट विनियोजन गरेको छु।

६. सुचना प्रविधि प्रयोगको विस्तार गर्दै शिक्षण–सिकाइलाई प्रविधियुक्त व्यवस्थापनका लागि बजेट विनियोजन गरिएको छ ।

७. प्राध्यापकहरूको बौद्धिक वृत्तिविकास वा मानव संशाधन तथा जर्नल प्रकाशनका लागि क्याम्पसको कुल बजेटको ५ प्रतिशत रकम अनुसन्धानका लागि छुट्याएको छु ।

८. विद्यार्थीहरूका लागि आवश्यक पाठ्यपुस्तक र सहयोगी पुस्तक, पत्रपत्रिका, जर्नल खरिद गर्न क्याम्पसको कुल बजेटको ३ प्रतिशत हुन आउने रकम बजेट छुट्याएको छु ।

९. क्याम्पसको कुल बजेटको १० प्रतिशत रकम भौतिक विकास निर्माणका लागि विनियोजन गरिएको छ ।

१०. यस वर्षदेखि प्राध्यापक तथा कर्मचारीहरूको सेवासुविधालाई मध्यनजर गरी आ.व. २०८२/०८३ बाट सामाजिक सुरक्षा कोषमा सबैलाई जोड्नुपर्ने भएकाले त्यस संस्थाको नियमअनुसार १० प्रशित शिक्षक कर्मचारीको तलबबाट कट्टा गरी क्याम्पसको तर्फबाट प्रति पिरियड २०० का दरले हुन आउने रकम विनियोजन गरेको छु ।

११. यस आर्थिक वर्षमा सहायक क्याम्पस प्रमुख १, विभागीय प्रमुख २, क्यूएएका लागि स्याटको संयोजक १ र एक जना कर्मचारीको आर्थिक भार क्याम्पसलाई परेको हुँदा त्यसका लागि बजेट विनियोजन गरेको छु ।

१२. नियमित तलबमा सबैभन्दा बढी व्ययभार रहेको छ । त्यसका निम्ति गत आर्थिक वर्षको प्रतिपिरियडा ५००० लाई निरन्तरता दिँदै प्रतिपिरियड ५०० का दरले हुन आउने रकम तलब वृद्धिमा विनियोजन गरेको छु ।

१३. क्याम्पसको नियमित कार्यालय सञ्चालन खर्च र पुँजीगत सञ्चालन खर्चलाई एकत्रित गरी आ.व. २०८२/०८३ को सम्पूर्ण खर्च विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

आदरणीय अध्यक्षज्यू,

यसै क्रममा अब म आर्थिक वर्ष २०८२/०८३ का लागि तयार पारिएको अनुमानित बजेटसम्बन्धी तथ्याङ्क प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व.२०८२/०८३ को अनुमानित व्यय विवरण
त्रिवितर्फ

| क्रम | बजेट शीर्षक | | | |
|---|---|---|---|---|
| | पुँजीगत खर्च | आ.व. २०८१/०८२ को प्रस्तावित | आ.व. २०८१/०८२ मा वास्तवित | आ.व. २०८२/०८३ को प्रस्तावित |
| १ | भौतिक संरचना विकास | | | ७००००० |
| २ | फर्निचर | ०० | ०० | ६००००० |
| ३ | पानी प्रशोधन | २५०००० | ०० | ३००००० |
| ४ | शैक्षिक उपकरण | ०० | ७४७९९९ | १०००००० |
| ५ | पत्रपत्रिका,पुस्तक तथा जर्नल खरिद | ५०००० | ११९४० | १०००० |
| | चालु खर्च | | | |
| ६ | नियमित तलब | ५१४८००० | ४७१०७८० | ४२६१०९९ |
| ७ | सञ्चय कोष | १९२००० | | ९०९६० |
| ८ | कल्याण कोष/नागरिक लगानी कोष | ९३००० | | ४५०००० |
| ९ | भत्ता | | | ४५६००० |
| १० | इ-लाइब्रेरी | ५००० | १०९२० | ५००० |
| ११ | शिक्षक कर्मचारी पोसाक टाइ | | ८१६० | १०००० |
| १२ | पुस्तक | | १५३९३९ | २१०००० |
| १३ | ग्रेडवृद्धि | ३२४०० | | १६९००० |
| १४ | आन्तरिक परीक्षा सञ्चालन | | | २०००० |
| १५ | विद्युत् | ४५००० | ३१६८४ | ५०००० |
| १६ | त्रिवि परीक्षा | ७००००० | ४५०५८५ | ४५०००० |
| १७ | सेवा शुल्क | | ८४००० | ८५००० |
| १८ | त्रिवि रजिस्ट्रेसन | | ५१५०० | ५०००० |
| १९ | सङ्काय नवीकरण त्रिवि | ०० | | ५५००० |
| २० | मर्मत सम्भार | | ३३०४६ | ३०००० |
| २१ | इन्धन/यातायात | ३०००० | ५०४२१ | ३०००० |
| २२ | विज्ञापन/प्रचार प्रसार | १००००० | ५४३०० | १२०००० |
| २३ | पुरस्कार/छात्रवृत्ति | | ४९७००० | २००००० |
| २४ | हरियाली प्रवर्धन/तारजाली | | ५०००० | १०००० |
| २५ | छपाइ/प्रकाशन | १५०००० | ५४००० | ८०००० |
| २६ | अनुसन्धान | ४००००० | ४१९५७९ | ४००००० |
| २७ | जर्नल, स्मारिका प्रकाशन | ५०००० | २०००० | १००००० |

| | | | | |
|---|---|---|---|---|
| २८ | भ्रमण/वनभोज | ५०००० | ६८१८० | ५०००० |
| २९ | उत्सव/समारोह | १८५००० | ९३०५१ | २००००० |
| ३० | अतिथि सत्कार | ५०००० | २२००० | ५०००० |
| ३१ | सफ्टवेयर, वेभसाइट निर्माण तथा जुम नवीकरण | ७०००० | ११३७०० | ६५००० |
| ३२ | बैठक खर्च | | ८९७५८ | १५००० |
| ३३ | स्टेसनरी | ५०००० | ३२००० | ३५००० |
| ३४ | शिक्षक विद्यार्थी कल्याण कोष | | | ५०००० |
| ३५ | तालिम/सेमिनार/गोष्ठी | ५०००० | ०० | १००००० |
| ३६ | अतिथि प्राध्यापक | १०००० | ५००० | १०००० |
| ३७ | स्वास्थ्य/औषधि | १०००० | ३४५० | ५०००० |
| ३८ | डिजिटलाइजेसन | १०००००० | २९०९९० | ३००००० |
| ३९ | नेहेप | १५००००० | २८१८४५ | २५०००० |
| ४० | पानी, कुचो, झाडु, हर्पिक आदि | ३०००० | १२३७५ | १५००० |
| ४१ | खेलकुद | ५०००० | ६१८९५ | ५०००० |
| ४२ | बाह्य परीक्षक | १०००० | २५५०० | १०००० |
| ४३ | नन्क्रेडिट कोर्स सञ्चालन | | | २००००० |
| ४४ | क्यूएए तयारी | ५०००० | ६६२० | ५०००० |
| ४५ | फोन, नेट | २५००० | १२००० | १५००० |
| ४६ | प्राविधिक | | १०२० | १०००० |
| ४७ | उपकरण खरिद तथा मर्मत | ३००००० | ६०००० | २००००० |
| ४८ | थेसिस अनुगमन | | १६५०० | २०००० |
| ४९ | जुम नवीकरण | | | १२००० |
| ५० | नेपाल पब्लिक क्याम्पस सङ्घको नवीकरण र अधिवेशन | २५०० | २५०० | १५००० |
| ५१ | मोटिभेसन कार्यक्रम | | | ५०००० |
| ५२ | बैंक सर्भिस | | ५८० | १००० |
| ५३ | भवन निर्माण | ८०००००० | ८०००००० | ४५००००० |
| ५४ | वेभसाइट नवीकरण | ५००० | ०० | ५००० |
| ५५ | जग्गाभाडा | ११०००० | ३२००० | ०० |
| ५६ | लेखा परीक्षण शुल्क | २०००० | २०००० | २२००० |
| ५७ | राजस्व | १००००० | ३२५० | १००००० |
| ५८ | क्याम्पस सभा खर्च | १०००० | ०० | २०००० |
| ५९ | त्रिवि परीक्षा खर्च | १५०००० | ४०६७२४ | २००००० |
| ६० | मसलन्द | २५००० | ४९१६७ | ५०००० |
| ६१ | मास्टर डिग्री धरौटी | १५००००० | ०० | १५००००० |
| ६२ | स्मार्टबोर्ड | १५०००० | ३००००० | ६५०००० |
| ६३ | अनुसन्धान कक्ष निर्माण | २००००० | ०० | ५०००० |

| | | | | |
|---|---|---|---|---|
| ६४ | सिसि क्यामरा | ५०००० | ८०००० | ८०००० |
| ६५ | प्रोजेक्टर | ३००००० | ६०००० | ०० |
| ६६ | गेट निर्माण | १५००००० | ०० | १०००००० |
| ६७ | अशक्त मैत्री शौचालय | ६००००० | ०० | ०० |
| ७८ | इन्टरनेट विस्तार | ५०००० | सम्पन्न | ५०००० |
| ६९ | ट्रेसर स्टडिज | १५०००० | सम्पन्न | २०००० |
| ७० | अतिथि कक्ष निर्माण | २००००० | ०० | २००००० |
| ७१ | डिजिटल हाजिरी | ८०००० | सम्पन्न | ०० |
| ७२ | ड्रेस चेन्जिङ रुम | २०००० | ०० | १०००० |
| ७३ | टेबुल टेनिस बोर्ड | ४०००० | ०० | ५०००० |
| ७४ | क्यान्टिन निर्माण | ५००००० | सम्पन्न | ५००००० |
| ७५ | सभा हल | १०००००० | सम्पन्न | ५००००० |
| ७६ | सरसफाइ | | १६१७५ | २०००० |
| | जम्मा | २५४३३४०० | १७५३०५३५ | २१२९२०५९ |

आ.व.२०८२/०८३ को अनुमानित व्यय विवरण
प्लस टुतर्फ

| क्रम | बजेट शीर्षक | |
|---|---|---|
| | चालु खर्च | आ.व. २०८२/०८३ को प्रस्तावित |
| | तलब | १३५२९४५ |
| | सञ्चय कोष | ३०९६० |
| | कल्याण/नागरिक लगानी कोष | १४४७५० |
| | दसैं भत्ता | १०२००० |
| | राष्ट्रिय परीक्षा बोर्ड | ७५००० |
| | कक्षा १२ परीक्षा सञ्चालन खर्च | ८०००० |
| | बाह्य परीक्षक | १०००० |
| | विज्ञापन | ५०००० |
| | जम्मा | १८४५६५५ |

प्रस्तुत बजेट तर्जुमा सहयोग र मार्गनिर्देशन प्रदान गर्नुहुने क्याम्पस सञ्चालक समिति, आर्थिक समिति, सम्पूर्ण प्राध्यापक तथा कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। विशेष गरी यस बजेट निर्माणप्रति अमूल्य योगदान दिनुहुने आर्थिक समितिप्रति अत्यन्तै आभारी छु। यस बजेटको कार्यान्वयनको क्रममा सम्बन्धित सबै पक्षहरूबाट रचनात्मक सहयोग प्राप्त हुने पूर्ण विश्वास राखेको छु।

आ.व. २०८२/०८३ को अनुमानित बजेट सञ्चालक समितिको मिति २०८२ असोज २९ गतेको बैठकबाट सर्वसंवत् रूपमा पारित भइसकेको छ। विश्वशान्ति चिरन मिलन क्याम्पसको क्याम्पस विधान २०७९ अनुसार उक्त बजेट यस गरिमामय क्याम्पससभामा अनुमोदनका लागि हार्दिक अनुरोध गर्दछु।

धन्यवाद !